# जिल्ला विकास समितिको कार्यालय
## उदयपुर

## आ.व.०७१/७२ को तेश्रो चौमासिक तथा वार्षिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन

श्रावन

आ.व. ०७२/७३

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# जिल्ला विकास समितिको कार्यालय, उदयपुर
(आन्तरिक लेखापरीक्षण शाखा)

**गाईघाट**

पत्र संख्या : आ.ले.प. ०७२/७३

चलानी नम्बर :

मिति : ०७२/०४/३१

**विषय :- तेश्रो चौमासिक तथा वार्षिक आन्तरिक लेखापरीक्षण प्रतिवेदन ।**

श्रीमान् स्थानीय विकास अधिकारीज्यू,
जिल्ला विकास समितिको कार्यालय, उदयपुर ।

यस कर्यालय अर्न्तगत जिल्ला विकास कोष (DDF ) को आर्थिक वर्ष ०७१/७२ को आम्दानी खर्चको श्रेस्ता, वितीय प्रतिवेदन र सो संग सम्वन्धित पेश भए सम्मको श्रेस्ताहरुको आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गरी सो को प्रतिवेदन पाना प्रति २६ (छव्वीस) यसै पत्रसाथ संलग्न राखी पेश गरिएको छ । प्रतिवेदनमा उल्लेखित व्यहोराको सम्वन्धमा प्रचलित कानून वमोजिम असुल फछ्र्यौट भएको प्रमाण वा बेरुजु कायम गर्न नपर्ने कुनै कारण भए प्रमाण सहितको जवाफ पठाउन हुन अनुरोध छ ।

............................................
आन्तरिक लेखापरीक्षण अधिकृत

**वोधार्थ :**

श्री महालेखा परीक्षकको कार्यालय बबरमहल, काठमाण्डौ । ..........................प्रतिवेदन १ प्रति संलग्न छ ।

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार काठमाण्डौ ।...प्रतिवेदन १ प्रति संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, उदयपुर । ....................................प्रतिवेदन १ प्रति संलग्न छ ।

श्री सूचना तथा अभिलेख केन्द्र, जिल्ला विकास समिति, उदयपुर । .................प्रतिवेदन १ प्रति संलग्न छ ।
( कार्यालयको वेभसाइडमा राखी दिने व्यवस्था हुन समेत )

अनुसूची-७४
( नियम ६० को उपनियम (१) को खण्ड (कस) संग सम्वन्धित )

# जिल्ला विकास समितिको कार्यालय, गाईघाट उदयपुर

## आन्तरिक लेखापरीक्षण प्रतिवेदन

**प्रतिवेदन अवधि :** आ.व. ०७१/७२

**कार्यालय प्रमुख :** स्था.वि.अ. श्री पिताम्वर अधिकारी
**आर्थिक प्रशासन शाखा प्रमुख :** ले.अ. श्री पदम वहादुर सुवेदी

| सि.नं. | गो.भौ.नं. | मिति | आन्तरिक लेखापरीक्षण गर्दा देखिएको मुख्य व्यहोरा | नियमित गर्ने (रु.) | असुल गर्ने (रु.) | पेश्की |
|---|---|---|---|---|---|---|
| १. | | | स्थानीय निकाय आ.प्र. नियमावली २०६४ को नियम ४६ को उपनियम (६) अनुसार स्थानीय निकायले कुनै रकमको भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ । खर्च भएको सवै रसिद, बील भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखा प्रमुखले "भुक्तानी भएको" जनाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेछ भन्ने नियमावलीमा व्यवस्था गरेको तर उक्त नियमको कार्यालयले पालना गरेको नदेखिएको हुँदा कार्यालयको जिल्ला विकास कोष (DDF) अन्र्तगत खर्च भएका सवै रसिद, बील भरपाईमा सिलसिलेवार नम्वर राखी आर्थिक प्रशासन शाखा प्रमुखले "भुक्तानी भएको" जनाई दस्तखत गरी प्रमाणित गरेको नदेखिएकोले उक्त नियममा भएको व्यवस्थाको अनिवार्य रुपमा पालना गर्न हुन प्रतिवेदन गरिएको छ । | | | |
| २. | | | **बैक हिसाव मिलानको अवस्था :** | | | |
| | | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१) (द) मा अनुसूची- २३ को ढाँचामा कार्यालयले प्रत्येक महिना वैक हिसावको विवरण (Bank Reconciliation Statement ) तयार गर्नुपर्ने व्यवस्था छ । आ.व.को अन्त्यमा कार्यालयको विभिन्न २४ वटा शीर्षकवाट भएको कारोवारको श्रेस्ता अनुसार रु.१,७९,६४,९२४।९८ र वैक खाताहरुको वैंक स्टेटमेन्ट विवरण अनुसार रु.२,३६,४९,३३९।१२ रकम मौज्दात रहेको देखिन्छ । ११ वटा वैक खातामा श्रेस्तामा भन्दा वैकमा वढी र वाँकीमा श्रेस्ता अनुसारकै वैक मौज्दात भएको देखिएको छ । नियमावलीले तोकेको ढाँचामा स्पष्ट हुने गरी मासिक रुपमा वैक हिसावको विवरण तयार गरि पेश गर्नु पर्दछ । कार्यालयको श्रेस्तामा भन्दा वैकमा घटी वा वढी भई फरक पर्न गएको | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | रकमको समयमा नै हिसाव मिलान गर्नु पर्दछ । वैकमा वढी देखिएको फरक रकम रु.५६,८४,४१४।१४ हिसाव मिलान गर्नु पर्ने देखिन्छ । | | | |
| ३. | | | **आवधिक जिल्ला विकास योजना तयारी सम्वन्धमा :** | | | |
| | | | स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९५ (१) मा प्रत्येक जिल्ला विकास समितिले आफ्नो जिल्लाको विकासका लागि आवधिक योजना तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सबै सरोकारवालाको सहभागितामा र सहमतिमा आवधिक जिल्ला विकास योजना तर्जुमा गरी सरोकारवाला सबैको स्वामित्वयुक्त दस्तावेज तयार गरी स्थानीय तह-जिल्ला , नगरपालिका र गाउँ विकास समिति क्षेत्रमा संचालन हुने सबै प्रकारका विकास कार्यक्रमहरुको सोही योजना दस्तावेजबाट निर्देशित हुने व्यवस्था गर्न आर्थिक वर्ष २०७१।७२ भित्रमा सबै जिल्लामा जिल्ला आवधिक योजना तर्जुमा गरी सक्ने लक्ष्यका साथ "आवधिक जिल्ला विकास योजना तर्जुमा कार्ययोजना, २०७०" जारी गरि सकेको छ । यस जिल्लाको आवधिक जिल्ला विकास योजना तर्जुमाको कार्य शुरु भइसकेको भएता पनि आ.व.को अन्त्यसम्ममा ड्राफ्ट प्रतिवेदनसम्म तयार भएको पाइयो । उक्त योजना यथाशिघ्र सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान पुग्नु पर्ने देखिन्छ । | | | |
| ४. | | | **कन्टिन्जेन्सी खर्च :** | | | |
| | | | स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ मा स्थानीय निकायवाट सन्चालन गरिने कार्यक्रम वा आयोजनालाई कार्यकुसलता, प्रभावकारिता तथा मितव्ययीताको सिद्धान्त अनुसार सन्चालनमा सहयोग पुऱ्याउन पूजिगत लगानीको समष्टिगत रकमवाट जिल्ला विकास समितिले कार्यविधीको अनुसूची-९ मा उल्लेख भए वमोजिम क, ख र ग वर्गका जिल्लामा क्रमशः पाँच, चार र तीन प्रतिसत रकम छुट्याई खर्च गर्न सकिने र यस्तो खर्चको हिसाव अनुसूची १० वमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ । कन्टिन्जेन्सी रकमको खर्च सम्वन्धी कार्ययोजना जिल्ला परिषद्वाट स्वीकृत गराउनु पर्ने र उल्लेख भए वमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने कार्यविधीमा स्पष्ट व्यवस्था गरिएको छ । यो वर्ष कार्यालयमा प्राप्त पूजिगत अनुदानको कन्टिन्जेन्सी खर्च रकमको कार्ययोजना वनाई परिषद्वाट स्वीकृत नगराएर खर्च गर्दा तोकिएको ढाँचामा अभिलेख नराख्दा खर्च कार्य व्यवस्थित नहुने देखिन्छ । अत : तोकिएको कृयाकलापमा खर्च गर्न, खर्च लाई व्यवस्थि गर्न, खर्चको अभिलेख चुस्त दुरुस्त राख्न, आन्तरिक नियन्त्रणलाई सुदृढ राख्न कार्यविधीमा व्यवस्था भए वमोजिम कार्ययोजना वनाई | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | परिषद्वाट स्वीकृत गर्नु पर्दछ । उपशीर्षकगत पूजिगत खर्च रकमको अनुपातमा मात्रै कन्टिन्जेन्सी रकम खर्च गर्न र अग्रिम रुपमै कन्टिन्जेन्सी खर्च लेख्ने प्रवृतिको अन्त्य गर्नु पर्दछ । | | | |
| ५. | | | **तलवी प्रतिवेदन :** | | | |
| | | | निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) २ अनुसार स्थानीय निकायमा कार्यरत निजामति कर्मचारीहरुको वार्षिक तलवी प्रतिवेदन जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयवाट पारित गर्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालय अर्न्तगत पछि थप भएका ८ जना कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नभई तलव खर्च लेखेको पाइयो । वार्षिक रुपमा तलवी प्रतिवेदन पारित नगर्दा कार्यरत कर्मचारीले कति तलव र ग्रेड पाउने हो सो को स्पष्ट आधार एकिन नभई तलव खर्च लेख्नु पर्ने हुन्छ । तलव खर्च वृद्धि हुने सम्भावना रहन्छ तसर्थ ऐन नियममा भएको व्यवस्थाको पालना गरि तलवी प्रतिवेदन पारित गराएर मात्र तलव खर्च लेख्नु पर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | | | |
| ६. | | | **बीलभपाई तथा प्रगति बेगर भुक्तानी :** | | | |
| | | | **बीलभपाई, प्रगति तथा अनुगमन प्रतिवेदन बेगर भुक्तानी :** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ४६(३) मा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्दा खर्चको वीलभर्पाइ सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको कार्यक्रमवाट भुक्तानी खर्च लेख्दा वीलभरपाई प्रगति तथा अनुगमन प्रतिवेदन संलग्न गरेको देखिएन । | | | |

| गो.भौ.नं. र मिति | कार्यक्रम | भुक्तानी लिने | वापत | भुक्तानी रकम |
|---|---|---|---|---|
| | जि.वि.स. अनुदान | ग्रामीण उर्जा विकास कार्यक्रम | सम्पुरक कोष | ६,००,०००।- |
| २४-०७१/१२/२३<br>३८-०७२/३/१ | एल.जि.सि.डि.पि. | गा.वि.स.हरु | जिविकोपार्जनका लागि ससाना पूर्वाधार कार्यक्रम सन्चालन | १,१६,५५,०००।- |
| ३-०७२/३/२८ | स्थानीय विकास विशेष कोष | स्थानीय विकास कोष (एलडिएफ) | | ४,००,०००।- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७. | | | **फिल्डमा नगई पारिश्रमिक भुक्तानी लिएको :** | | | |
| | ३९१ | ०७२।३।३१ | गा.वि.स. वाँस्वोटेको बालमैत्री एकिकृत योजना निर्माण र आचारसंहिता तयारी गोष्ठी कार्यक्रम मिति ०७२।३।२८ देखि ०७२।३।३० गते सम्म गा.वि.स. वाँस्वोटेमा सन्चालन भएको र उक्त कार्यक्रममा जम्मा रु.१,००,०००।- खर्च भएको पाइयो । कार्यालयका कार्यक्रम अधिकृत श्री राज कुमार खड्काले उक्त अवधिमा कार्यालयमा नै रुजु हाजिर रहेको र कार्यक्रममा सहभागी नै नभई अनुगमन, होटलवास र यातायात खर्च वापत दोहोरो सुविधा हुने गरि वुझेको रकम रु.५,४५०।- रकम नियमसंगत नदेखिएको हुँदा उक्त रकम निजवाट असूल गरि सम्वन्धित राजस्व खाता जम्मा गर्नु पर्ने देखिएको रु................................................................................................. | | ५,४५०।- | |
| ८. | | | **खर्चको फाँटवारी, आर्थिक विवरण तथा प्रगति विवरण पेश गर्ने नगरेको :** | | | |
| | | | यस कार्यालयवाट गा.वि.स.हरुको खातामा निकासा दिएको नेपाल सरकारको फ्रिज गर्नु पर्ने अनुदान रकम के कति निकासा खर्च भई के कति फ्रिज हुन गएको हो सो देखिने आर्थिक विवरणहरु गा.वि.स.हरुले जिल्ला विकास समितिको कार्यालयमा तोकिएको समय भित्र वुझाएको देखिएन । अत : स्थानीय निकाय आर्थिक प्रशासन नियमावी, २०६४ ले व्यवस्था गरेको अनुसूचीको ढाँचामा अनिवार्य रुपमा आर्थिक विवरणहरु र अन्य प्रगति विवरणहरु पेश गर्न लागउर्नु पर्दछ । | | | |
| ९. | | | **सामाजिक सुरक्षा रकमको प्रभावकारी रुपमा व्यवस्थापन आवश्यक देखिएको सम्वन्धमा :** | | | |
| ९.१ | | | कार्यालयले गत आ.व. देखि नै बेल्टार बसाहा नगरपालिका र कटारी नगरपालिका र चालु आर्थिक वर्षको दोश्रो चौमासिक देखि गा.वि.स. जोगीदह, हडिया र रिस्कु को सामाजिक सुरक्षा रकम कृषि विकास वैक गाइघाट र कटारी शाखालाई निकासा दिई सोही वैंक मार्फत वितरणको व्यवस्था गर्ने गरेको देखिन्छ । तर उक्त वैकिङ प्रणालीवाट गरिएको वितरण प्रणालीले लाभान्वित वर्गमा पर्न गएको सकारात्मक नकारात्मक प्रभाव सम्वन्धमा व्यवस्थापन पक्षले अनुगमन निरीक्षण गर्ने र वितरण प्रणालीलाई थप सुधार सहित पायक पर्ने अन्य थप गा.वि.स.मा उक्त रकम वैकिंङ प्रणाली मार्फत वितरणका लागि विस्तार गर्दै लैजानु पर्ने आवश्यकता देखिएको छ । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९.२ | | | गाउँ विकास समिति/नगरपालिकाको सचिवले परिचयपत्र प्राप्त गरेका सम्वन्धित व्यक्तिहरुलाई आ-आफ्नो क्षेत्रमा प्रथम चौमासिकमा वडा दशै पूर्व  आश्विन १ गते, दोश्रो चौमासिकमा शहिद सप्ताहको समयमा माघ १२ गते र तेश्रो चौमासिकमा नेपालमा गणतन्त्र घोषणा भएको ऐतिहासिक दिन जेष्ठ १५ गते सम्ममा भुक्तानी गर्नु पर्नेछ र त्यस्तो कार्यक्रमको प्रचार प्रसार समेत गर्नुपर्नेछ । | | | |
| ९.३ | | | प्रत्येक नगरपालिका /गाउँ विकास समितिमा भत्ता /वृत्ति/अनुदान वितरण गर्दा वडा नागरिक मन्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघसंस्थाका प्रतिनिधी र स्थानीय भद्रभलाद्मीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एक प्रति नगरपालिका/गाउँ विकास समितिको कार्यालयको सूचना पाटीमा टाँस गर्ने र एक प्रति लेखापरीक्षणको लागि भर्पाइसंग राख्नुपर्नेछ । | | | |
| ९.४ | | | गाउँ विकास समिति/नगरपालिकावाट अनूसुची-१३ अनुसारको भत्ता/वृति/अनुदान पाउनेहरुको नामावली  सम्वन्धित गाउँ/नगर परिषद्मा पेश गर्नुपर्नेछ । | | | |
| ९.५ | | | नयाँ परिचयपत्र वितरण, चौमासिक भत्ता/वृति/अनुदान वितरण तथा मृत्यु र बसाई सराईको लगत कट्टा सम्वन्धि विवरण गाउँ विकास समिति/नगरपालिकाले सार्वजनिक गर्नुपर्नेछ । यस वर्ष कार्यालयले लाभान्वित सदस्यहरुको नामावली सहितको पुस्तिका प्रकाशन गरेको देखिएन । कार्यालयको वेभसाईटमा यस सम्वन्धि विवरण राखेको पाईयो । | | | |
| ९.६ | | | कार्यविधको स्पष्ट व्यवस्था अनुसार गठन भएको अनुगमन समितिवाट विभिन्न समयमा अनुगमन निरीक्षण गरी प्राप्त सुझावलाई तत्काल कार्यान्वयन गर्नु पर्ने देखिन्छ । कार्यालयले समय समयमा तेश्रो पक्षवाट समेत अनुगमन निरीक्षण गराउने, वितरण भएको समयमा प्रभावकारी रुपमा फिल्डमा समेत स्थलगत रुपमा अनुगमन समेत गर्ने गर्नु पर्दछ । चालु आ.व.मा अनुगमन निरीक्षण गरेको देखिने प्रतिवेदन कार्यालयमा पेश भएको देखिएन । | | | |
| १०. | | | **ग्रामीण खा.पा.तथा सरसफाई कार्यक्रमको खरिद व्यवस्थापन :** | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | स्वीकृत आयोजना तथा कार्यक्रम अर्न्तगत खा.पा. तथा सरसफाई संग सम्वन्धित विभिन्न खरिद कार्यको हकका वार्षिक खरिद योजना तयार गर्ने, पटक पटक खरिद नगर्ने, एकै पटक प्रतिस्पर्धाको आधारमा खरिद कार्य गर्ने तर्फ प्राथमिकता दिनु पर्दछ । कार्यालयले बैसाख, जेष्ठ र असाढ महिनामा मात्रै खरिद कार्य गरेको र खरिद गरिएका सामानहरु मध्ये के कति सामान के कति आयोजनामा प्रयोग भई के कति सामानहरु कार्यालयमा मौज्दात रहेका हुन सो को आयोजनागत मौज्दात विवरण आ.ले.प.को समयमा उपलव्ध हुन सकेन । | | | |
| ११. | | | **पेश्की :** | | | |
| ११.१ | | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२(३) अनुसार पेश्की रकमको फाँटवारी पेश गरी फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको यो आ.व. सम्मको एकिकृत विवरण निम्नानुसार रहेको छ ।<br>**निम्न :** | | | |

| विवरण | गत वर्ष सम्मको वाँकी पेश्की | यस वर्ष फछ्र्यौट | गत वर्षको वाँकी | यस वर्षको थप | जम्मा |
|---|---|---|---|---|---|
| कर्मचारी | ३७,७१,२३५।२० | ८,९४,०००।- | २८७७२३५।२० | १०२३२०।- | २९७९५५५।२० |
| पदाधिकारी | १,१९,८६६।२१ | ०।- | १,१९,८६६।२१ | ०।- | १,१९,८६६।२१ |
| गा.वि.स. | १५४४३१६७।- | ९२८१२००।- | ६१६१९६७।- | २२,१४,७९८।- | ८३,७६,७६५।- |
| उपभोक्ता/ ठेकेदार | ८५३४०१६।२९ | ६०,०००।- | ८४७४०१६।२९ | ८९४५२६९।- | १७४१९२८५।२९ |
| अन्य | २९,३६५७७।- | ६१९७६०।- | २३१६८१७।- | ५०९२००।- | २८२६०१७।- |
| **जम्मा** | **३०८०४८६१।७०** | **१०८५४९६०।-** | **१९९४९९०१।७०** | **११७७१५८७।-** | **३१७२१४८८।७०** |
| | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११.२ | | | उक्त विवरण अनुसार गत विगत वर्षदेखिका करोडौ पेश्की वांकी देखिन्छ । नियमानुसार उक्त पेश्की फछ्र्यौट गर्न कार्यालयले पर्याप्त ध्यान नपुऱ्याएको पाइयो । नियमानुसार पेश्की रकम असूल फछ्र्यौट गर्ने गराउने तर्फ कार्यालयले ध्यान पुऱ्याउनु पर्दछ । यसमा कर्मचारी कल्याण कोषवाट लगानी गरेको रकम समावेश गरेको छैन । | | | |

<table>
<tr><td>११.३</td><td></td><td></td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ८२(१) र (२) मा कार्यालयवाट पेश्की लिदा कुन कामको निमित के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने र प्राप्त विवरण को आधारमा अधिकार प्राप्त अधिकारीले सम्वन्धित कामको लागि आवश्यक पर्ने रकम भन्दा वढी नहुने गरी पेश्की लिने कर्मचारीको हकमा पद र प्रयोजन तथा गैरकर्मचारीको हकमा त्यस्तो व्यक्तिको तीन पुस्ते स्थायी र अस्थायी ठेगाना समेत स्पस्ट खोली पेश्की दिनुपर्ने उल्लेख छ ।<br>कार्यालयले कर्मचारी, उपभोक्ता र अन्य विभिन्न व्यक्तिको नाममा पेश्की उपलव्ध गराउदा पेश्की लिनेको आवश्यक विवरण लगायत तीन पुस्ते स्थायी र अस्थायी ठेगाना उल्लेख गरेको पाइएन । पेश्की खातामा पनि यस किसिमको स्पष्ट विवरण राख्ने परिपाटी देखिएन ।<br>तोकिएको योजना अनुसार कार्याक्रम कार्यान्वयन नगर्ने एवं वर्षान्तमा पेश्की खर्च लेख्ने कारणले गर्दा यसरी पेश्की वाँकी रहन गएको देखिन्छ । यसवाट एकातर्फ आर्थिक ऐन नियमको परिपालना नहुने र अर्को तर्फ वर्षेनी पेश्कीको मात्रा वढ्दै जान्छ । अत : विगत वर्षमा उपलव्ध गराइएको पेश्की वांकी रकम समयमा नै ताकेता तथा कारवाही गरी असूल फछ्र्यौट गर्ने कार्यमा कार्यालय संवेदनशील हुनुपर्ने देखिएको छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>१२.</td><td></td><td></td><td>सवारी साधन (मोटरसाइकल) कार्यालयको नाममा नामसारी गर्नुपर्ने :</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>यस वर्ष कार्यालयले निम्न मोटरसाइकल खरिद गर्दा वील अनुसार निम्नानुसार रकम भुक्तानी गरेको पाइयो । उक्त सवारी साधन कार्यालयको नाममा नामसारी गर्नुपर्नेमा सो गरेको देखिने कागजात प्रमाण आ.ले.प.को समयमा पेश हुन सकेन ।<br>निम्न :
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>कार्यक्रम</th><th>वापत</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४- ०७२।२।३२</td><td>एल.जि.सि.डि.पी.</td><td>१२५ सिसि डिस्कोभर मोटरसाइकल खरिद</td><td>१,७५,६५०।-</td></tr>
<tr><td>८- ०७२।३।२१</td><td>रौजगार प्रवर्द्धन</td><td>डिओ स्कुटर</td><td>१,७०,०००।-</td></tr>
<tr><td>३५- ०७२।३।१</td><td>वातावरण विशेष कोष</td><td>१२५ सि.सि. होन्डा साइन</td><td>१,९६,४९९।-</td></tr>
<tr><td>५९- ०७२।३।४</td><td>एस.एन.आर.टि.पी.</td><td>१२५ सि.सि. होन्डा साइन</td><td>२,००,०००।-</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>१३.</td><td></td><td></td><td>सुनौला हजार दिन कार्यक्रम :</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>कार्यालयमा यस उपशीर्षकको संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति</td><td></td><td></td><td></td></tr>
</table>

०७१/५/३१ गतेको पत्रवाटै वजेट वाँडफाँट र खर्च गर्ने अख्तियारी प्राप्त भएको भएता पनि  चालु आर्थिक वर्षको कुल अख्तियारी प्राप्त रकमको ५१% रकम मात्रै खर्च भएको र वाँकी रकम खर्च हुन नसकी फ्रिज  गएको देखिन्छ । समयमा नै आयोजनाहरु सन्चालन हुन नसक्दा कार्यक्रमले लिएको लक्ष्य पूरा हुन नसकी स्थानीय लाभान्वित वर्ग समेत सेवा सुविधावाट वन्चित हुनु परेको देखिन्छ । चालु आर्थिक वर्षमा ६ वटा गा.वि.स.का ९ वटै वडाहरुवाट माग भई आएका जम्मा १०८ वटा आयोजनाहरुमा निम्नानुसार रकम विनियोजन तथा खर्च भएको पाइयो । आयोजना अन्तर्गत गा.वि.स.मा निकासा उपलब्ध गराएको अनुदान रकमको समुदायस्तरमा के कस्तो सदुपयोग भएको हो भन्ने विषयमा जिल्ला विकास सिमिति लगायत कुनै पनि निकायवाट अनुगमन निरीक्षण गरेको प्रतिवेदन ले.प.को समयमा उपलब्ध नभएको हुदाँ आयोजनाको प्रभावकारिता मूल्यांकनका लागि नियमित रुपमा विभिन्न तहमा अनुगमन निरीक्षण गर्नु पर्ने देखिन्छ ।

निम्न :

| क्र.स. | गा.वि.स.को नाम | विनियोजित रकम (रु) | भुक्तानी रकम (रु) |
|---|---|---|---|
| १. | कटुन्जेववला | ३६,०२,५३४।- | १६,१५,४४७।- |
| २. | ताम्लीछा | ३१,४६,८२२।- | ३०,९८,६४७।- |
| ३. | बाँस्वोटे | ३०८८०७४।- | ३०,४७,६१६।- |
| ४. | ठाँनागाउँ | २९,४४,९६८।- | २८,७६,३५८।- |
| ५. | हर्देनी | ३३,५९,१४७।- | ३१,८६,९६३।- |
| ६. | मयंखु | ३१,०४,१४१।- | ३०,९५७१९।- |
| | **कुल** | **१,९२,४५,६८६।-** | **१,६९,२०,७८१।-** |

उपयुर्क्त खर्च रकमको श्रेस्ता परीक्षण गर्दा सुनौला हजार दिन आयोजना कार्यान्वयन कार्यविधी, २०७० ले व्यवस्था गरेको निम्न अनुसूची विवरणहरु भुक्तानी श्रेस्तामा संलग्न गर्नुपर्ने देखिन्छ ।

१) कार्यक्रमको मध्य कालिन समीक्षा प्रतिवेदन अनुसूची-५

२) कार्यक्रम सम्पन्न समीक्षा प्रतिवेदन अनुसूची-६

३) आयोजनावाट लाभान्वित सेवाग्राहीहरु सहित स्थानीय तहका साझेदारहरुवीच भएको सार्वजनिक परिक्षण प्रतिवेदन (अनुसूची-७ )

४) खर्च  प्रमाणित वील भर्पाइहरुको सिलसिलेवार फाइलिङ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४. | | | **धरौटी खाता :** | | | |
| | | | गत विगत वर्षमा धरौटी फिर्ता नलिई वाँकी रहेको, प्रमाण फेला नपरेको रकम स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ ले प्रदान गरेको अधिकार अनुसार जफत वा सदर स्याहाको प्रकृया अगाडी वढाई सदर स्याहा गरी जि.वि.स.को कोषमा आम्दानी वाँध्नु पर्ने देखिन्छ । धरौटी फिर्ता गर्दा सम्वन्धित शाखा प्रमुखको सिफारिश, कर चुक्ता प्रमाण र धरौटी रकम जम्मा गरेको नगदी रसिद प्रति अनिवार्य संलग्न राखेर मात्र धरौटी रकम फिर्ता उपलव्ध गराउनु पर्दछ । कार्यालयले मासिक रुपमा कार्यालयको श्रेस्ता अनुसारको वाँकी मौज्दात र बैंक स्टेटमेन्ट अनुसार वैकमा देखिएको मौज्दातमा के कति रकम फरक पर्न गएको हो सो को कारण पत्ता लगाई नियमित रुपमा हिसाव मिलान गर्ने गर्नु पर्दछ । आ.व.को अन्त्यमा कार्यालयको श्रेस्ता अनुसार रु.३०,५२,४५४।९० वाँकी मौज्दात देखिएको र वैक स्टेटमेन्ट अनुसार वैकमा रु.३७,५५,२२९।२६ रकम मौज्दात देखिएको हुदा वैंकमा वढी देखिएको रु.७,०२,७७४।३६ रकम हिसाव मिलान गर्नुपर्ने देखिन्छ । | | | |
| १५. | | | **बातावरणमैत्री स्थानीय शासन कार्यक्रम :** | | | |
| | | | वातावरणमैत्री स्थानीय शासन कार्यक्रम एक जिल्लामा पाँच गा.वि.स का दरले वातावरणमैत्री स्थानीय शासन प्रारूप, २०७० लाई कार्यान्वयन गर्ने उद्धेश्यले आर्थिक बर्ष २०७१/०७२ बाट यो कार्यक्रम कार्यान्वयनमा आएको छ । यस जिल्लाका निम्न ५ वटा गा.वि.स.हरुमा निम्नानुसार रकम विनियोजन भई गा.वि.स. मार्फत रकम खर्च भएको पाइयो । आर्थिक वर्षको जेष्ठ र असाढ महिनामा मात्रै गा.वि.स. स्तरमा स साना आयोजना तथा कार्यक्रममा रकम खर्च भएको देखिन्छ । उक्त कार्यक्रमवाट के कतिले लाभ लिन सके सकेनन्, अनुदान रकमको सदुपयोग के कस्तो रह्यो सो को अनुगमन निरीक्षण गा.वि.स. स्तरमा समेत गर्नु पर्दछ ।<br>निम्न : | | | |

| क्र.स. | गा.वि.स.को नाम | विनियोजित रकम (रु) | गा.वि.स.वाट भुक्तानी भएको रकम (रु) |
|---|---|---|---|
| १. | रौता | १४,४०,०००।- | १३,३२,३१२।- |
| २. | सुन्दरपुर | १३,४०,०००।- | ११,०७,६००।- |
| ३. | आँपटार | १४,४०,०००।- | १४,४०,०००।- |

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>४.</td><td>जोगीदह</td><td>१४,४०,०००।-</td><td>१३,३०,०००।-</td></tr>
<tr><td>५.</td><td>पंचावती</td><td>१४,४०,०००।-</td><td>१४,४०,०००।-</td></tr>
<tr><td></td><td>कुल</td><td>।-</td><td>।-</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>१६.</td><td></td><td></td><td>वार्षिक खरिद योजना तयार नभएको :</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>जि.वि.स.को वार्षिक योजना अनुसार सम्पादन गर्नुपर्ने सार्वजनिक निर्माण, सेवा, मालसामान खरिद गर्नु भन्दा अगाडी सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र स्थानीय निकाय आ.प्र. नियमावली, २०६४ मा भएको कानूनी व्यवस्था अनुसार वार्षिक खरिद योजना तयार गरी सो को आधारमा मात्रै खरिद सम्वन्धि कार्य गर्दा प्रभावकारी हुने हुदा सो अनुसार गर्नु गराउनु हुन प्रतिवेदन गरिएको छ । कार्यालयको लागि आवश्यक विभिन्न कार्यालय सामानहरु खरिद तथा मर्मत कार्य गर्नु/गराउनु भन्दा अगाडी नै सम्वन्धित शाखा/कर्मचारीवाट मागफाराम लिने, लागत अनुमान तयार गर्ने, गुणस्तर सुनिश्चित गरि, अधिकार प्राप्त आधिकारीवाट स्वीकृत गराउने र सम्वन्धित शाखा/कर्मचारीवाट कार्य सम्पन्न भएको निस्सा प्रमाण लिएर मात्र भुक्तानीको व्यवस्था गर्नु पर्ने देखिएको छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>१७.</td><td></td><td></td><td>महिला सुरक्षा वास सन्चालनको लागि सन्चालन खर्च व्यवस्थापन सम्वन्धमा :</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>कार्यालयले विगत ३ वर्ष देखि त्रि.न.पा. १ स्थित वोक्सेमा रहेको महिला सुरक्षा वास सन्चालनको लागि लागत सहभागिता रकम वर्षेनी व्यहोदै आइरहेको देखिन्छ । चालु आर्थिक वर्षमा महिला सुरक्षा वास सन्चालन सम्वन्धमा जि.वि.स.को कार्यालय र स्थानीय गै.स.स. ओरेक नेपाल वीच भएको द्धिपक्षीय संभ्कौता अनुसार वार्षिक कुल लागत रु.१३,७१,०००।- मध्ये जि.वि.स. ले रु.४,३७,२००।-, ओरेक नेपालले रु.७,८३,८००।- र अन्य निकायले रु.१,५०,०००।- लागत सहभागिता व्यहोर्ने गरि गरिएको संभ्कौताको शर्त अनुसार कार्यालये शर्तमा उल्लेखित रकम सुरक्षा वास सन्चालन खर्च भुक्तानी दिएको देखिन्छ । जि.वि.स.ले महिला सुरक्षा वास सन्चालन कार्यक्रमलाई अभ्क व्यवस्थित गर्न महिला सुरक्षा वास सन्चालन निर्देशिका समेत जारी गरि सकेको अवस्था छ । उक्त निर्देशिकामा भएको व्यवस्था अनुसार उक्त केन्द्रलाई दीर्घकाल सम्म सन्चालन र संस्थागत गर्न सरोकारवाला सवैको प्रयासमा श्रोतको पहिचान, परिचालन गर दीगो रुपमा परिचालन गर्न अति आवश्यक देखिएको छ । जि.वि.स.को पूंजिगत प्रकृतिको</td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अनुदानवाट सालवसाली यस किसिमको चालु प्रकृतिको सन्चालन खर्च व्यहोर्ने प्रणालीको अन्त्य गरिनु पर्दछ । | | | |
| १८. | | | **गा.वि.स.को वस्तुगत विवरण ( भिलेज प्रोफाइल) तयार गर्ने कार्य अधुरो रहेको :** | | | |
| | | | जिल्लाको तत्कालिन कायम रहेको ४४ वटा गा.वि.स.को भिलेज प्रोफाइल तयार गरिदिने उदेश्यले गा.वि.स.वाट उक्त कार्यको लागि विगत ४ वर्ष देखि कार्यालयको मानव संशाधन विकास विशेष कोष खातामा रकम जम्मा गरि दिएको देखिन्छ । गा.वि.स.हरुको वारम्वार मागलाई ध्यानमा राखी कार्यालयलले गा.वि.स.को भिलेज प्रोफाइल तयार गर्न प्रकाशित टेन्डर सुचना अनुसार सारभुत रुपमा प्रभावग्राही श्री एपेक्स कन्सल्टेन्सी काठमाण्डौ संग मिति ०७०।५।२६ गते द्विपक्षीय संभ्रौता गरेको देखिन्छ । दोश्रो पक्षले संभ्रौता गरेको ३ महिना भित्र प्रथम मस्यौदा पेश गर्नु पर्ने संभ्रौताको शर्त रहेको । संभ्रौता अनुसार कुल लागत अंक रु.१४,९७,८९४।१०( भ्याट समेत) को ३ किस्तामा भुक्तानी दिने शर्त अनुसार संलग्न टिप्पणी सदरको आधारमा रु.४,८१,८५६।- रकम मोविलाइजेजन पेश्कीको रुपमा भुक्तानी दिएको पाइयो । हाल संभ्रौताको शर्त अनुसार कार्य प्रगति हुन सकेको देखिएन । कार्यालयवाट उक्त काम तोकिएको समयसीमा भित्र सम्पन्न गर्ने गराउने विषयमा कुनै तदारुक्तता समेत देखाएको पाइएन भने अर्को तर्फ मोविलाइजेसन पेश्की दिन भन्दा अगाडी नै Advance payment वैक ग्यारेन्टी जमानतको रुपमा राख्नु पर्नेमा आर्थिक ऐन नियमको पर्याप्त पालना समेत नगरेको सुरक्षणवापत वैक जमानत समेत राखेको देखिएन । संभ्रौताको समयसीमा भित्र काम सम्पन्न नभई अधुरो रहेको अवस्था छ । म्याद थप समेत भएको देखिदैन । अतः यस आ.व. को अन्त्यसम्ममा नियमानुसार कार्य सम्पन्न गर्न नसकी पेश्की नै वाँकी देखिएको रकम यथाशिघ्र असूल/फछ्र्यौट गर्नु पर्ने देखिएको रु.४,८१,८५६।- । | | | |
| १९. | | | **जि.वि.स.को आन्तरिक आय संकलनको प्रभावकारी व्यवस्थापन व्यवस्थापन :** | | | |
| १९.१ | | | **आय ठेक्का व्यवस्थापन सम्वन्धमा** : कार्यालयले हरेक ठेक्काको कार्यतालिका तयार गरी सोही अनुसार सूचना प्रकाशन, मूल्याँकन र ठेक्का संभ्रौता गर्नु पर्ने देखिएको छ । शाखावाट समयमा नै राजस्व परामर्श समितिको वैठक, सूचना प्रकाशन, मूल्याँकन, | | | |

संझौता जस्ता कामको समयमा नै प्रकृयागत थालनी गर्नुपर्ने अवस्था सम्वन्धित ठेक्का फाइलको अध्ययनवाट देखिएको छ । यस विषयमा यथाशिघ्र सुधार हुन आवश्यक देखिन्छ ।

**राजस्व प्रक्षेपण सम्वन्धमा** : जिल्लामा उपलब्ध प्राकृतिक श्रोतसाधनको वर्तमान अवस्था, श्रोतको दोहन, संभावना, चुनौति, अवसर आदिका विषयमा सम्वन्धित विज्ञ सहितको टोलीवाट समय समयमा राजस्वको प्रक्षेपण गर्नु पर्नेमा कार्यालयले कर्मचारी सहितको टोलीवाट मात्रै प्रक्षेपण गर्ने गरेको पाइयो ।

१९.२

**चालु आ.व.के आन्तरिक आय ठेक्का बन्दोवस्त स्थिति :**

स्थानीय निकायको आन्तरिक श्रोत परिचालन गर्न जिल्ला भित्रको श्रोत उपयोग वापत कर दस्तुर तथा अन्य आन्तरिक आय असुल गर्न सकिने र यो प्रयोजनका लागि ठेक्का वन्दोवस्त समेत गरी असूल गर्न सकिने व्यवस्था स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम १६७ मा उल्लेख छ । सोही नियमलाई आधार मानी कार्यालयले निम्नानुसार आय सम्वन्धि ठेक्का वन्दोवस्त गरेको छ । चालु आर्थिक वर्षमा कार्यालयवाट प्रकाशित सूचना अनुसार विभिन्न कुल २३ वटा विभिन्न आय ठेक्का मध्ये १५ वटाको संझौता भएको  वाँकी ८ वटा ठेक्का नलागेको पाइयो । नेपाल सरकारले यो जिल्लालाई चुरे संरक्षित जिल्ला घोषणा गरेको र नदिजन्य ढुंगा विक्रि वितरण तथा निकासीमा रोक लगाएको कारण ठेक्का नलागेको पाइयो ।

निम्न :

| क्र.स. | ठेकेदारको नाम | वापत | विक्रि | दाखिला | न्यूनतम मूल्याँकन | ठेक अंक |
|---|---|---|---|---|---|---|
| १. | एम.डि.एस. सप्लायर्स एण्ड ट्रडर्स | गिटी विक्रि | ४ | ४ | १०,००,०००।- | १४०११११।- |
| २. | एम.डि.एस. सप्लायर्स एण्ड ट्रडर्स | बालुवा विक्रि | ४ | ४ | ९,००,०००।- | १०,५१,०००।- |
| ३. | एम.डि.एस. सप्लायर्स एण्ड ट्रडर्स | कृषिजन्य निकासी | ४ | १ | १४,२५,०००।- | १४,२६,१११।- |
| ४. | एम.डि.एस. सप्लायर्स एण्ड ट्रडर्स | पशु चौपाया निकासी | ४ | ३ | ९,००,०००।- | ११,०१,१११।- |
| ५. | एम.डि.एस. सप्लायर्स एण्ड ट्रडर्स | वनजन्य निकासी | १ | १ | ९,२५,०००।- | ९,२६,११३।- |
| ६. | न्यू कार्की सप्लायर्स | काठ निकासी | १ | १ | ९,५०,०००। | ९,५२,०००।- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | एण्ड ट्रेडर्स | | | | - | |
| ७. | भावना सप्लायर्स | ढुंगा विक्रि | १ | १ | ५,००,०००।- | ५,००१००।- |
| ८. | सुवेदी सप्लायर्स एण्ड ट्रेडर्स | गिटी विक्रि | १ | १ | ३,५०,०००।- | ३,५०,१००।- |
| ९. | डि.सि. कन्ट्रक्सन | ढुंगा, गिटी, वालुवा विक्रि | १ | १ | ३,००,०००।- | ३,०१,०००।- |
| १०. | भिमसेन सप्लायर्स | पटके सवारी ( गाइघाट - बेल्टार सडक) | ३ | २ | ७५,०००।- | १,२६,०००।- |
| ११. | डिप्लप सप्लायर्स एण्ड ट्रेडर्स | पटके सवारी ( सुकौरा - नेपालटार सडक) | १ | १ | ६०,०००।- | ६१,०००।- |
| १२. | मोनिका सप्लायर्स एण्ड ट्रेडर्स | पटके सवारी ( गाइघाट - फत्तेपुर आम्वासी सडक) | २ | २ | २,००,०००।- | २,६१,९००।- |
| १३. | मैनामैनी सोमवारे सप्लायर्स | चतराघाट तरितराई | २ | १ | ३,००,०००।- | ३,००१११।- |
| १४. | सगरमाथा निर्माण सेवा | वुवाजोरघाट तरितराई | ११ | ४ | ५०,०००।- | १,८०,०००।- |
| १५. | सन्तोष मोवाइल पसल | सिटिहल भाडा | १ | १ | १,६०,०००।- | १,६५०००।- |
| १६. | मुकुन्द नारायण मानन्धर | सपिङ कम्प्लेक्स भाडा | | | २,४०,०००।- | २,४०,०००।- |
| | **कुल जम्मा** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९.३ | | | **दैनिक आय अभिलेख राख्ने नगरेको :** कार्यालयको नगदी रसिद नियन्त्रण अभिलेख अनुसार विभिन्न कर्मचारीले वुझेको नगदी रसिदवाट दैनिक रुपमा के कति रकम संकलन भई कहिले कहिले जि.वि.स.को खातामा जम्मा भएको हो, को संग के कति रकम वाँकी देखिएको हो सो को जानकारी प्राप्त हुने | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | अभिलेख कार्यालयले राखेको नदेखिएकोले जि.वि.स.को नगदी रसिदवाट संकलित आय एकिन हुन नसकेको, दैनिक संकलित रकम र वैकमा दाखिलाको अवस्था परीक्षण हुन नसकेको । कानूनले तोकेको अनुसूचीको ढाँचामा अभिलेख नराख्दा शिर्षकगत के कति आन्तरिक आय संकलन भएको हो सो को जानकारी तथा प्रतिवेदन तयार गर्न सकिने अवस्था रहदैन, नगद हिनामिना भई वितीय जोखिम वढ्न जाने प्रवल संभावना रहन्छ । अत : स्थानीय निकाय आ.प्र. नियमावली २०६४ ले व्यवस्था गरेको दैनिक आय शिर्षकगत कर संकलन खाता (अनुसूची-१०), लगती आय खाता (अनुसूची-११ अनुसारको खातामा उक्त रसिदहरुवाट संकलन भएको आय रकम दैनिक रुपमा अनिवार्य रुपमा एकिकृत गरी अभिलेख राखेको हुनु पर्नेमा सो अनुसार नदेखिएको । | | | |
| १९.४ | | | **वाँकी वक्यौता असूली** : कार्यालयले अध्यावधिक समेत नगरि पेश गरेको वक्यौता विवरण अनुसार गत विगत वर्षको बक्यौता रु.३४,७३,२०८।७३ वाँकी मध्ये यस वर्ष साँवा रु.४२,०००।- व्याज रु.४,२००।-.असूली भई यस वर्षको वक्यौता रु. ८२,५००।- थप समेत रु.३५,१३,७०८।७३ वाँकी रहेको देखिन्छ । उक्त वक्यौता रकम असूल गर्न कार्यालयको ध्यान जानु पर्ने देखिन्छ । यस वर्षको वक्यौता वाँकी निम्न सप्लायर्सवाट असूल हुन बाँकी देखिएको रु.....................................<br>निम्न :<br>१) सिटिहल भाडा ( श्री संतोष मोवाइल पसल गाइघाट ) रु८२,५००।- | ८२,५००।<br>- | | |
| १९.५ | | | निम्न आन्तरिक आय ठेक्कामा नियमानुसार अग्रिम कर र मूल्य अभिवृद्धि कर जम्मा गरेको पाइएकोले सम्वन्धित ठेकेदार पक्षवाट असूल गरी सम्वन्धित राजस्व खाता दाखिला गर्नुपर्ने देखिएको रु..............................................................<br>**निम्न :**<br>(तालिका तल) | १९७२६०।<br>- | | |

| **क्र.स.** | **ठेकेदारको नाम** | **वापत** | **ठेक अंक** | **अग्रिम कर** | **भ्याट रकम** |
|---|---|---|---|---|---|
| १. | एम.डि.एस. सप्लायर्स एण्ड ट्रडर्स | बालुवा विक्रि | १०,५१,०००।- | ०।- | २०,९१२।- |
| २. | न्यू कार्की सप्लायर्स एण्ड ट्रेडर्स | काठ निकासी | ९,५२,०००।- | १४,२८०।- | १२३७६०।- |
| ३. | भिमसेन सप्लायर्स | पटके सवारी ( गाइघाट -बेल्टार सडक) | १,४०,०००।- | २१०।- | १,८२०।- |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४.</td><td>डिप्लप सप्लायर्स एण्ड ट्रेडर्स</td><td>पटके सवारी ( सुकौरा - नेपालटार सडक)</td><td>६१,०००।-</td><td>९१।-</td><td>७९३।-</td></tr>
<tr><td>५.</td><td>मोनिका सप्लायर्स एण्ड ट्रेडर्स</td><td>पटके सवारी ( गाइघाट - फत्तेपुर आम्वासी सडक)</td><td>२,९१,०००।-</td><td>४३६।-</td><td>३,७८३।-</td></tr>
<tr><td>६.</td><td>मैनामैनी सोमवारे सप्लायर्स</td><td>चतराघाट तरितराई</td><td>३,००,१००।-</td><td>४५०।-</td><td>३,९००।-</td></tr>
<tr><td>७.</td><td>सगरमाथा निर्माण सेवा</td><td>बुवाजोरघाट तरितराई</td><td>२,००,०००।-</td><td>३००।-</td><td>२,६००।-</td></tr>
<tr><td>८.</td><td>सन्तोष मोवाइल पसल</td><td>सिटिहल भाडा</td><td>१,६५,०००।-</td><td>२,४७५।-</td><td>२१,४५०।-</td></tr>
<tr><td>.</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td></td><td></td><td>१८,२४२।-</td><td>१७९०१८।-</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>१९.६</td><td></td><td></td><td>गा.वि.स.वाट उठेको मालपोत रकममो २५% जि.वि.स.मा दाखिला सम्वन्धमा :<br>चालु आर्थिक वर्षमा जिल्लाका ४० वटा गा.वि.स. मध्ये १४ वटा गा.विस.हरु ( सिरिसे, भुटार, मयंखु, ताम्लीछा, डुम्रे, भलायडाँडा, पंचावती, बलम्ता, वाराहा, हर्देनी, सुन्दरपुर, रिस्कु, लाफागाउँ र इनामे) वाट मात्र मालपोत असूली रकमको २५% रकम जि.वि.स.को खातामा जम्मा गरेको पाइयो । वाँकी २६ वटा गा.वि.स.वाट  उक्त रकम जम्मा गरेको देखिएन । अत : यस सम्वन्धी गा.वि.स.को अभिलेख कायम गरी वाँकी रकम असुल गर्ने तर्फ आवश्यक कारवाही गनु पर्दछ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>१९.७</td><td></td><td></td><td>जि..वि.स.को नगदी रसिद सम्वन्धी विवरण :<br>कार्यालयको जिन्सी अभिलेख अनुसार चालु आर्थिक वर्षको लागि खरिद गरिएको जम्मा १००० ठेली नगदी रसिद मध्ये २४१ ठेली नगदी रसिद विभिन्न कर्मचारीहरुले वुझिलिएको र आय संकलनका लागि प्रयोग र वाँकी ५७९ ठेली मौज्दात रहेको पाइयो । खरिद भएको मध्ये प्रयोगमा नल्याई वाँकी देखिएको ५७९ ठेली नगदी रसिद नियमानुसार धुल्याउनु पर्ने देखिन्छ । आवश्यकता भन्दा वढी नगदी रसिद छपाई गरेको देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२०.</td><td></td><td></td><td>चालु वर्षको पेश्की वाँकी :</td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०.१ | | | **केन्द्रिय शीर्षकतर्फ :** | | | |
| | | | स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकम समयमानै फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष दिएको पेश्की मध्ये आ.व.को अन्त्यसम्ममा पनि फछ्र्यौट हुन बाँकी पेश्की देहाय अनुसार रहेको यथाशिघ्र असूल फछ्र्यौट गर्नुपर्ने देखिएको मोविलाइजेसन पेश्की समेत रु……………… | | | ७६,५४,४१८।- |

| क्र.स. | कार्यक्रम | पेश्की लिनेको नाम | प्रयोजन | रकम |
|---|---|---|---|---|
| १. | एल.जि.सि.डि.पि. | व.तथा सा.प.श्री भुवन श्रेष्ठ | तालिम | १,०२,३२०।- |
| २. | सुनौला हजार दिन कार्यक्रम | गा.वि.स. कटुन्जेववला | कार्यक्रम | ८,२२,२६४।- |
| | | गा.वि.स. वाँस्वोटे | ” | १४२६०४।- |
| | | गा.वि.स. ताम्लीछा | ” | ८८,३९५।- |
| | | गा.वि.स. ठानागाउँ | ” | २३,२३३।- |
| | | हर्देनी | ” | ६,६५,०२५।- |
| | | मयंखु | ” | ४,७३,२७७।- |
| ३. | निर्वाचान क्षेत्र विकास कार्यक्रम | पाल्सिङ चिप्टार सडक नि.स. | योजना | १,७५,०००।- |
| | | ग्रामीण विधुत विस्तार | ” | २,३५,०००।- |
| | | पुवारेथुम्का बबला मैनामैनी सडक नि.उ.स. | ” | १,५०,०००।- |
| | | बराहा ताम्लीछा वाँस्वोटे सडक नि.उ.स. | ” | ३,२५,०००।- |
| ४. | स्थानीयस्तरका सडक पूल कार्यक्रम | एस.वि.ए. निर्माण सेवा | मोविलाइजेसन | १३,९५,०००।- |
| ५. | झो.पु. क्षेत्रगत कार्यक्रम | जुनकिरी इन्डष्ट्रीज वुटवल | मोविलाइजेसन | ८,१७,०००।- |
| | | रुवालिङ झो.पु. निर्माण उ.स. | योजना | ५००।- |
| | | आमसाल झो.पु. निर्माण उ.स. | योजना | ८००।- |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६.</td><td>एस.एन.आर.टि.पि.</td><td>रौताहा कन्ट्रक्सन प्रा.लि.</td><td>मोविलाइजेसन</td><td>२२,३९,०००।-</td></tr>
<tr><td></td><td>कुल जम्मा</td><td></td><td></td><td>७६,५४,४१८।-</td></tr>
</table>
</td><td></td><td></td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>जि.वि.स. कोष तर्फ :</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १८२ (३) अनुसार पेश्की रकम समयमानै फछ्र्यौट गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष दिएको पेश्की मध्ये आ.व.को अन्त्यसम्ममा पनि फछ्र्यौट हुन वाँकी पेश्की देहाय अनुसार रहेको यथाशिघ्र असूल फछ्र्यौट गर्नुपर्ने देखिएको मोविलाइजेसन पेश्की समेत रु........................................
<table>
<tr><th>क्र.स.</th><th>कार्यक्रम</th><th>पेश्की लिनेको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कोष चालु</td><td>अधिवक्ता श्री विदुर वहादुर राउत</td><td>मुद्धा खर्च</td><td>१२,०००।-</td></tr>
<tr><td>२.</td><td>कोष पूजिगत</td><td>श्री ग्रिड नेपाल डिजाइन कन्सल्टेन्सी</td><td>आइ.इ.इ</td><td>४,९७,२००-</td></tr>
<tr><td>३.</td><td>भारतीय राजदुतावास सहयोग</td><td>श्री रौताहा कन्ट्रक्सन प्रा.लि. गाइघाट</td><td>मोविलाइजेसन</td><td>३४,६०,०००।-</td></tr>
<tr><td>४.</td><td>वातावरण व्यवस्थापन विशेष कोष</td><td>विधुत विस्तार उ.स. जाल्पा चिलाउने</td><td>योजना सन्चालन</td><td>१,४७,९६९।-</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४११६८९६।-</td></tr>
</table>
</td><td></td><td></td><td>४११६८९६।-</td></tr>
<tr><td>२१.</td><td></td><td></td><td>सिमेन्टमा प्रयोग हुने चुनढुंगाा उपयोग सम्वन्धी विवरण पेश नभएको :</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td>यस जिल्लाको सिरिसे गा.वि.स.वाट उत्खनन हुने चुनढुंगाा श्री कसमस सिमेन्ट उघोग प्रा.लि.ले उपयोग गरे वापत प्रति मे.टन रु.४।- का दरले श्रोत उपयोग कर वापत यस कार्यायले कर लिन पाउने सम्वन्धमा सातौ जिल्ला परिषद्ले निर्णय गरिसकेको र चालु आर्थिक वर्षमा जम्मा रु.६१,६११।- रकम जिल्ला विकास समितिको खातामा समेत जम्मा भएको पाइयो । उक्त उघोगले चालु आर्थिक वर्षमा के कति परिणाममा चुनढुंगाा उपयोग गरेको हो सो को आधिकारिक विवरण जि.वि.स.मा उपलव्ध गराएको देखिएन ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२२.</td><td></td><td></td><td>असाढ महिनाको खर्च तथा प्रगति सम्वन्धमा :</td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td>२२.१</td><td></td><td></td><td>कार्यालयको वार्षिक जिल्ला विकास योजान अनुसारका आयोजना तथा कार्यक्रम र बजेटअन्तर्गत विभिन्न लक्षित कार्यक्रमहरु वार्षिक खरिद योजना तयार गरि उक्त योजनामा तोकिएको समयमै सम्पन्न गर्नु पर्दछ । कार्यालयले हरेक उपशीर्षक अन्तर्गत तयार भएको आयोजना/कार्यक्रमगत वितीय तथा भौतिक प्रगति देखिने प्रतिवेदन तयार गरी उपलव्ध नगराएको कारण यथार्य प्रगतिको अवस्था उल्लेख गर्न नसकेको हो । कार्यालयको अनुगमन संयन्त्र कृयाशील हुन नसकेको, अख्तियारी ढिलो प्राप्त हुने, प्राविधिक जनशक्तिको कमी, उपभोक्ता समिति गठनमा विवाद जस्ता कारणले आयोजनाहरु समयमा नै सम्पन्न हुन नसकेको देखिन्छ । योजनाहरु समयमा नै कार्यान्वयन गर्ने तथा यथासमयमा नै टुङगाउन अुगमन तथा निरीक्षण गरी सत प्रतिसत प्रगति हासिल गर्ने तर्फ कार्यालयले थप सकिय हुनु पर्दछ । कार्यालयले असाढ महिनामा मात्रै झण्डै ६६ प्रतिसत वजेट खर्च गरेको अवस्था देखिन्छ । यसवाट वजेट हतार मा खर्च हुने, लाभग्राहीले उचित प्रतिफल नपाउने अवस्था विधमान रहन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२२.२</td><td></td><td></td><td>असाढ महिनाको खर्च तथा प्रगति स्थिति :<br>निम्न :
<table>
<tr><th>बजेट शीर्षक नं.</th><th>कार्यक्रमको नाम</th><th>अख्तियारी मिति</th><th>कुल खर्च</th><th>०७२ असाढ महिनाको मात्र खर्च</th><th>खर्च प्रतिसत</th></tr>
<tr><td>३६५८३८३</td><td>सुनौलो हजार दिन</td><td>०७१।५।३१</td><td>१७५५४६४५।-</td><td>१,०७,४६,३१८।-</td><td>६१%</td></tr>
<tr><td>३६५८१९३</td><td>एल.जि.सि.डि.पि.</td><td>विभिन्न</td><td>२,३४,४९,४३५।-</td><td>१,७१,६८,७०३।-</td><td>७३%</td></tr>
<tr><td>३७११०५३</td><td>रोजगार प्रवर्द्धन कार्यक्रम</td><td>०७१।५।२४</td><td>२२,०७,३४८।-</td><td>५,२९,७६५।-</td><td>२४ %</td></tr>
<tr><td>३६५८४२४</td><td>एस.एन.आर.टि.पि.</td><td>०७१।७।१३</td><td>१,३५,५१,७९८।-</td><td>७७,९३,०९४।-</td><td>५८ %</td></tr>
<tr><td>३६५८३१४</td><td>सडक पुल</td><td>०७१।६।३०</td><td>१,४३,१४,५००।-</td><td>२०,९१,९५९।-</td><td>१५%</td></tr>
<tr><td>३६५८०९४</td><td>झो.पु. क्षेत्रगत</td><td>०७१।५।३०</td><td>९०३८७१४।-</td><td>५६,२४,२८३।-</td><td>६२%</td></tr>
<tr><td>३६५८५०३</td><td>निर्वाचन क्षेत्र विकास कार्यक्रम</td><td>०७१।९।३०</td><td>३,७५,६०,२२२।-</td><td>२,१३,६५,०३६।-</td><td>५७%</td></tr>
<tr><td>३६५८०१३</td><td>जि.वि.स. अनुदान</td><td>०७१।५।४</td><td>५४३०२२६८।</td><td>२५९८२४०८।-</td><td>४८%</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | - | | |
| ३६५८०४ ४ | ग्रामीण खा.पा. | ०७१।५।२९ | ४५८५७३३।- | २६,७७,५३८।- | ५८% |
| ३३७१०७४ | आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने | ०७१।१२।०१ | ४७९७०८९।- | ४७,०१,०८९।- | ९८% |
| ३६५८०८ ४ | स्थानीय यातायात पूर्वाधार | ०७१।५।२९ | १,४९,७०२४७ ।- | ९२,४०,६०८।- | ६२% |
| ३६५८३७ ४ | साना सिंचाई नदि नियन्त्रण | ०७१।५।२० | ५८,७३,४००। - | २४,३२,८४९।- | ४१% |
| ३६५८४६ ३ | बातावरणमैत्री स्थानीय शासन | ०७१।१०।९ | ८१,६४,३६७ ।- | ५८,९१,५०९।- | ७२% |
| ३६५१०६३ | उपेक्षित, उत्पीडित | ०७१।५।१५ | २,१८,३४७।- | २,१८,३४७।- | १००% |
| ३६५१०८३ | पछिडिएको समुदाय | ०७१।५।१५ | ४,५३,६७२।- | ३,९८,६७२।- | ८८% |
| ३६५१०५३ | आदिवासी जनजाती | | २०००००।- | २०००००।- | १००% |
| ३२५११३३ | संस्कृति प्रवर्द्धन | ०७१।८।१३ | १५,००३५४।- | ५४२००२।- | ३६% |
| ३०८१०९ ३ | रोयल्टी व्यवस्थापन | ०७१।९।२० | ६,७९,५००।- | ६,७९,५००।- | १००% |
| ३४३१०१३ | राष्ट्रिय युवा परिचालन | ०७१।८।२२ | ८,१६,०००।- | ४२६०००।- | ५२% |
| ३४९८०१ ३ | स्थानीय शान्ति समिति | ०७१।८।२५ | ८,७९८२०।- | ८,१३,८२०।- | ९२% |
| ३६५१०१४ | वौद्ध दर्शन | ०७१।५।२० | २४२०००।- | १,९४,०००।- | ८०% |
| | | | | | |
| | **कुल जम्मा** | | | | **६६%** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३. | | | **जिल्ला उर्जा कोष :** | | | |
| | १-४२ | विभिन्न मिति | यस कोष अन्तर्गत विभिन्न कृयाकलापहरु सन्चालन गर्न शाखाका बातावरण उर्जा तथा जलवायु परिवर्तन अधिकृत श्री राजदेव यादवले पेश्की लिई कार्यक्रम सन्चालन गर्ने गरेको देखिन्छ । वार्षिक विनियोजित रकमको चौमासिक बाँडफाट तयार गर्ने, कार्यतालिका तयार गरि अग्रिम रुपमा लागत अनुमान स्वीकृत गरि नियमानुसार पेश्की रकम उपलब्ध गराउनु पर्नेमा सो अनुसार नगरेको देखिन्छ । कोषको आन्तरिक नियन्त्रण | | | |

<table>
<tr><td></td><td></td><td></td><td>फितलो देखिएको छ । कोष अन्तर्गगत विभिन्न भुक्तानी गर्दा नियमानुसार अग्रिम कर कट्टा नगरि भुक्तानी दिएको हुदा सम्वन्धितवाट असूल गरि राजस्व खाता दाखिला गर्नु पर्ने देखिएको रु.........................................................................................<br>निम्न :<br>अगिम कर वापत रु.५,०४४।-<br>गाडी रिजर्भ बहाल कर रु.४,१००।-<br>सहजकर्ता पारिश्रमिक कर रु.४,८००।-</td><td>१३,९४४।-</td><td></td><td></td></tr>
<tr><td>२३.१</td><td>२४ र २७</td><td>विभिन्न</td><td>उर्जा कोषवाट निम्न गा.वि.स.हरुलाई धुवा रहित गा.वि.स. घोषष्णा गर्ने कार्यक्रमका लागि कार्यालयका बातावरण उर्जा तथा जलवायु परिवर्तन अधिकृत श्री राजदेव यादवले पेश्की लिई उक्त घोषणा कार्यक्रममा जम्मा रु.१,७२,०००।- खर्च भएको देखिन्छ । खर्चका सक्कलै कागजात परिक्षण गर्दा निम्न गा.वि.स.मा कार्यक्रम गर्दा खाना खर्च वापत भुक्तानी दिएको देखिन्छ । यथार्थ खर्च भएको देखिने होटल वील पेश गर्नुपर्ने देखिएको रु...............................................<br>निम्न :<br>१) ठानागाउँ गा.वि.स. रु.११,०००।-<br>२) वाँस्वोटे गा.वि.स. रु.११,०००।-<br>३) वाराहा गा.वि.स. रु.११,०००।-<br>४) जाँते गा.वि.स. रु.१३,०००।-</td><td>४६,०००।-</td><td></td><td></td></tr>
<tr><td>२४.</td><td></td><td></td><td>अनुसूचीको प्रयोग गरेको नदेखिएको :<br>स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० (१) मा जिल्ला विकास समितिले राख्नु पर्ने लेखा श्रेस्ताको ढाँचा तोकेको छ । कानूनले लेखा ढाँचा तोकी अनिवार्य रुपमा लेखा राख्नु पर्ने व्यवस्था गरेता पनि तोकिएको ढाँचामा लेखा नै नराख्नु भनेको नियम कानूनको पालना नगर्नु हो । अतः कार्यालयले अनिवार्य रुपमा निम्न अनुसूचिको ढाँचामा लेखा/ विवरण राख्नु पर्ने देखिन्छ ।<br>निम्न :<table><tr><th>लेखा ढाँचाको विवरण</th><th>अनुसुची</th></tr><tr><td>दैनिक आय शिर्षकगत कर संकलन खाता</td><td>१०</td></tr><tr><td>लगती आय खाता ( व्यक्तिगत)</td><td>११</td></tr><tr><td>दैनिक कर प्राप्ती खाता</td><td>१२</td></tr></table></td><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>आन्तरिक आयको लगती असूली विवरण</td><td>१४</td></tr>
<tr><td>सम्पती विवरण</td><td>३१</td></tr>
<tr><td>वैक ग्यारेण्टीको अभिलेख खाता</td><td>३५</td></tr>
<tr><td>धारा, विजुली, टेलीफोन, धरौटीको लगत</td><td>४४</td></tr>
<tr><td>जिन्सी मौज्दातको वार्षिक विवरण</td><td>५३</td></tr>
<tr><td>ठेक्का सम्वन्धि लगत</td><td>६६</td></tr>
<tr><td>बैक हिसावको विवरण</td><td>२३</td></tr>
<tr><td>वार्षिक खरिद योजना</td><td>७१</td></tr>
</table></td><td></td><td></td><td></td></tr>
<tr><td>२५.</td><td></td><td></td><td>जिन्सी व्यवस्थापन :<br>कार्यालयले खरिद गरेका खप्ने तथा नखप्ने जिन्सी सामानहरु कार्यालयको जिन्सी खातामा आम्दानी जनाएको भएता पनि ती सामानहरुको वर्गीकरण, स्पेसीफिकेसन तथा कहिले खरिद भएका हुन सो को जानकारी र भौतिक रुपमा परीक्षण गर्न समेत सजिलो हुने गरी कार्यालयमा रहेका सम्पूर्ण जिन्सी सामानहरुको जिन्सी खाता पाना नं. संग मिलान हुने गरि संकेतीरण गर्नु पर्नेमा हालसम्म सुधार गरेको नदेखिएकोले यस सम्वन्धमा तत्काले सुधार हुन आवश्यक देखिएको छ । यो व्यहोरा गत ४ वर्ष देखि आ.ले.प. प्रतिवेदनमा समेत टिप्पणी सुझावको रुपमा उल्लेख गरिएको तर कुनै प्रगति भएको देखिएको छैन । प्रयोगमा नआउने जिन्सी सामानहरु धुल्याउने, लिलामी, मिन्हा गर्ने कार्यमा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td>२६.</td><td></td><td></td><td>सुपरिवेक्षण तथा अनुगमन समितिकोले क्रियाशीलता न्युन :<br>स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ को वुंदा नं. ३३ र ३४ मा अनुगमन तथा सुपरीवेक्षण सम्वन्धि व्यवस्था गरेको छ । यस वर्ष कार्यालयले योजना अनुगमनका लागि वर्षको अन्तिम जेष्ठ, असाढ महिनामा मात्रै केही राजनैतिक दलका पदाधिकारी, पत्रकार र कर्मचारीहरुको टोली वनाई निर्वाचन क्षेत्रगत रुपमा जि.वि.स.वाट सन्चालन भएका कुल २३६ (एस.एन.आर.टि.पी. का योजना वाहेक) योजना मध्ये झण्डै ९० वटा योजनाहरुको मात्रै अनुगमन निरीक्षण गरेको प्रतिवेदनमा उल्लेख छ । धेरै तथा टुक्रे योजना तर्जुमा तथा सन्चालन गर्ने गरेको कारणले गर्दा अनुगमन तथा सुपरीवेक्षण तर्फ ध्यान दिन नसकेको अवस्था छ । तसर्थ ऐन तथा कानूनमा व्यवस्था भए वमोजिम सुपरीवेक्षण तथा अनुगमन कार्यलाई चालु तथा गतिशील तुल्याई जिल्ला भरि सवै निकायहरुवाट कार्यान्वयन गरिएका योजना तथा कार्यक्रमहरु नियमित रुपमा अनुगमन निरीक्षण गरि गुणस्तर कायम गर्न ध्यान दिनु पर्दछ ।</td><td></td><td></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २७. | | | **न्युन जनशक्ति पदपूर्ति हुन नसकेको :**<br>वर्तमान जनप्रतिनिधीविहीन स्थानीय निकायहरुमा वर्षेनी वढिरहेको अनुदान थपिदै गरेको जिम्मेवारी तथा दायित्वलाई मध्येनजर गर्दा यसले सम्पादन गर्ने कार्य सरल, चुस्तदुरुस्त र प्रविधिमैत्री हुनुपर्ने आजको तड्कारो आवश्यकता हो । यसका लागि संगठनको क्षमतावान जनशक्ति र तोकिएको कार्यविवरण अनुसार प्रभावकारी कार्यसम्पादन नै पर्दछन् । यस कार्यालयले विगत ८ वर्ष देखि रिक्त दरवन्दीमा नयाँ जनशक्ति पदपूर्ति गर्न सकेको देखिदैन । सहायकस्तरका १४ वटा दरवन्दी मध्ये ८ वटा दरवन्दी हाल रिक्त अवस्थामा छन् । संगठनको दिन प्रतिदिन वढ्दो कार्य जिम्मेवारी पूरा गर्न शिघ्र थप जनशक्तिको व्यवस्थापन गर्नु पर्ने व्यहोरा प्रतिवेदन गरिएको छ । | | | |
| २८. | | | **जिल्ला विकास कोषमा रकम जम्मा नभएको :**<br>स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २२१ मा जिल्ला विकास समितिको एउटा कोष रहने व्यवस्था छ । उक्त कोषमा जि.वि.स.लाई प्राप्त हुने सवै रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । चालु वर्ष राष्ट्रिय ग्रामीण यातायात सुदृढिकरण कार्यक्रम (SNRTP ) का लागि निकासा भएको रु.१,४७,३०,९५२।- अनुदान रकम जिल्ला विकास कोष (DDF) मा जम्मा भएको देखिएन । | | | |

# आर्थिक कारोवारको संक्षिप्त स्थिति

| बजेट उपशीर्षक नम्वर | गत वर्षको जिम्मेवारी (रू) | यस वर्षको आम्दानी (रू) | जम्मा आम्दानी (रू) | खर्च (रू) | वांकी (रू) |
|---|---|---|---|---|---|
| जि.वि.स. कोष | २१२४२९०९।५१ | ८७५६९७९९।४२ | १०८८१२७०८।९३ | ९१४३३४६८।९५ | १७३७९२३९।९८ |
| सरकारी अनुदान | ०।० | ४३४७३३२५८।८७ | ४३४७३३२५८।८७ | ४३४१४७५७३।८७ | ५८५६८५।०० |
| | | | | | |
| | **जम्मा** | **५२२३०३०५८।३** | **५४३५४५९६७८०** | **५२५५८१०४२।८** | **१७९६४९२५।०** |

**राजस्व तर्फ :**

| **शीर्षक** | **संकेत नं.** | **असूली** | **दाखिला** |
|---|---|---|---|
| बेरूजु | १५१११ | २४०९५९८।० | २४०९५९८।० |
| दण्ड जरिवाना | १४३१२ | ५०००।० | ५०००।० |
| अन्य प्रशासनिक आम्दानी | १४२२७ | ३०००।० | ३०००।० |
| **जम्मा** | | **२४१७५९८।०** | **२४१७५९८।०** |

# एकिकृत आय व्ययको स्थिति

| सि.नं. | आय | रकम (रू) | व्यय | रकम (रू) |
|---|---|---|---|---|
| १. | गत वर्षको जिम्मेवारी ( धरौटी समेत) | २१२४२९०९।५१ | आन्तरिक खर्च | ८९२९६२३३।९५ |
| २. | यस वर्षको आन्तरिक आय ( धरौटी समेत) | ८७५६९७९९।४२ | केन्द्रिय अनुदान (चालु र पूजिगत) | ४३४१४७५७३।८७ |
| ३. | सरकारी अनुदान | ४३४७३३२५८।८७ | धरौटी फिर्ता | २१३७२३५।०० |
| ४. | | | आन्तरिक मौज्दात ( धरौटी वाहेक) | १४३२६७८५।०८ |
| ५. | | | धरौटी मौज्दात | ३०५२४५४।९० |
| | | | अनुदान मौज्दात ( बातावरण मैत्री ) | ५८५६८५।० |
| | | | | |
| | **कुल जम्मा** | **५४३५४५९६७।८०** | | **५४३५४५९६७।८०** |

# जि.वि.स. आन्तरिक कोषको शीर्षकगत स्थिति

| सि.नं. | बजेट उपशीर्षक/ कार्यक्रमको नाम | गतको जिम्मेवारी | यस वर्षको आय | कुल आय | खर्च | वांकी | पेश्की |
|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक कोष चालु | ०।०० | १०९०००००।०० | १०९०००००।०० | १०४८१५७८।२० | ४१८४२१।८० | १२०००।०० |
| २ | आन्तरिक कोष पूजिगत | ०।० | ६३७२०००।०० | ६३७२०००।०० | ५९७७२८३।०० | ३९४७१७।०० | ४९७२००।०० |
| ३ | सडक वोर्ड | १६५६८४।१६ | ३९९३००९।०० | ४१५८६९३।१६ | ४१५९९४६।०० | (१२५२।८४ | ०।०० |
| ४ | वैदेशिक श्रोत खाता | २९३०५५९।३३ | २१०४४५८१।९३ | २३९७५१४१।२६ | २३२३३९३१।०० | ७४१२१०।२६ | ०।० |
| ५ | गा.वि.स. प्रशासनिक | ०।०० | ५२५७८८।९० | ५२५७८८।९० | ५२५७८८।९० | ०।० | ०।० |
| ६ | सरसफाई कोष | २०१४१९।०० | ८५५०००।० | १०५६४१९।०० | १०४६०९७।०० | १०३२२।०० | ०।०० |
| ७ | संयुक्त राष्ट जनसंख्या कोष | १०२।८५ | २८४१५६१।०० | २८४१६६३।८५ | २८४१६६३।८५ | ०।० | ०।० |
| ८ | जनता उच्च मा.वि. जोगीदह भवन निर्माण ( भारतीय राजदुतावास सहयोग) | ०।०० | ९१३४१७०।००० | ९१३४१७०।०० | ८७१४७२७।०० | ४१९४४३।०० | ३४६००००।० |
| ९ | सि.ए.ए. सहभागिता | ८४५७३६।६९ | ०।०० | ८४५७३६।६९ | ०।०० | ८४५७३६।६९ | ०।०० |
| १० | राजस्व वांडफांट आय खाता | ४५२३१।९१ | ७४९९२५६।६ | ७५४४४८८।५१ | ६३७२०००।० | ११७२४८८।५१ | ०।० |
| ११ | जि.वि.स.आन्तरिक आय खाता | ११११७२५।०६ | ११८८१४५१।८६ | १२९९३१७६।९२ | ११०६०१३०।० | १९३३०४६।९२ | ०।० |
| १२ | युनिसेफ अनुदान | ४४०२१३।० | ३४००९२४।०० | ३८४११३७।०० | ३८४११३७।०० | ०।०० | ०।०० |
| १३ | संस्कृति प्रवर्द्धन | १६८०५१।० | ०।० | १६८०५१।०० | ०।० | १६८०५१।० | ०।० |
| १४ | प्रकोप व्यवस्थापन विशेष कोष | १३४९४८०।०० | ६०१०००।०० | १९५०४८०।०० | १६१९९८६।० | ३३०४९४।०० | ०।० |
| १५ | स्थानीय विकास विशेष कोष | ४०००००।० | २५०००।०० | ४२५०००।०० | ४०००००।० | २५०००।०० | ०।०० |
| १६ | ग्रामीण सडक मर्मत संभार कोष | १२४८८५८।५५ | १३६३६०।० | १३८५२१८।५५ | ८५५४६०।० | ५२९७५८।५५ | ०।०० |
| १७ | मानव संशाधन विशेष कोष | १३२९९६९।६१ | २५०००।०० | १३५४९६९।६१ | ३००००।० | १३२४९६९।६१ | ०।०० |
| १८ | गरिवी निवारण विशेष कोष | २०००००।०० | ७५०००।० | २७५०००।०० | ०।० | २७५०००।० | ०।० |
| १९ | महिला तथा वालवालिका विशेष कोष | १७५५०८।० | ११५०००।० | २९०५०८।०० | ०।० | २९०५०८।० | ०।० |
| २० | बातावरण व्यवस्थापन विशेष कोष | ३८५४७७४।४३ | २२०९१६७।० | ६०६३९४१।४३ | ३०१८८४५।० | ३०४५०९६।४ | १४७९६९।० |
| २१ | कर्मचारी कल्याण कोष | १६८१५२२।९७ | १७७१६३०।०० | ३४५३१५२।९७ | २४३४८००।० | १०१८३५२।९७ | २४३४८००।० |
| २२ | जिल्ला उर्जा कोष | ९१८३६३।३० | २६५९६४९।१३ | ३५७८०१२।४३ | २४८१२६१।० | १०९६७५१।४३ | ०।० |
| २३ | लघु उधम विकास कार्यक्रम | ११९५४९।७५ | २७००००।० | ३८९५४९।७५ | २०१६००।० | १८७९४९।७५ | ०।०० |
| २४ | आदिवासी जनजाती | १००७२०।० | ०।० | १००७२०।०० | ०।० | १००७२०।० | ०।० |
| २५ | धरौटी | ३९५५४३९।९० | १२३४२५०।०० | ५१८९६८९।९० | २१३७२३५।० | ३०५२४५४।९० | ०।०० |
| | | | | | | | |
| | **कुल जम्मा** | **२१२४२९०९।५१** | **८७५६९७९९।४२** | **१०८८१२७०८।९३** | **९१४३३४६८।९५** | **१७३७९२३९।९८** | **६५५१९६९।००** |